# संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन
विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८) को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

शोधार्थी
नारायणप्रसाद ढकाल
क्याम्पस रोल नं. ११२/०६३/०६४
परीक्षा रोल नं. २१८००३६/२०६५
त्रि.वि. दर्ता नं. १९२९५/८९
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७२

संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव - २०७२
नारायणप्रसाद ढकाल

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

मिति : २०७२/०३/११
२६ जुन, २०१५

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्यांकन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र **नारायणप्रसाद ढकालले संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

श्री शान्तिराम दाहाल
शोध निर्देशक

## स्व-घोषणा

प्रस्तुत शोधपत्र मैले आफ्नै ज्ञान, सिप र परिश्रमले तयार गरेको छु । यसको तयारीका लागि कुनै व्यक्ति, संघसंस्थाबाट आर्थिक सहयोग नलिई व्यक्तिगत लगानीमा तयार पारेको छु । तयारीका क्रममा कुनै लेख, रचनाबाट कुनै पनि अंश हुबहु नगरी आफ्नै विवेकले तयार गरेको छु । शोधपत्र एम. एड्.को शैक्षिक उपाधिका लागि अनुसन्धान गरेको हुँदा यसलाई अन्य कुनै प्रयोजनका लागि प्रयोग गरिएको छैन । अन्तमा यस अध्ययनले कतै कसैलाई असर परेमा म आफैँ जिम्मेवारी वहन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

नारायणप्रसाद ढकाल

शोधार्थी

मिति : २०७२/०३/११ (२६ जुन, २०१५)

## कृतज्ञता ज्ञापन

संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव शीर्षकको शोधपत्र जनता बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्यांकन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

आफ्नो व्यस्त समय हुँदाहुँदै पनि अमूल्य सल्लाह, सुझाव एवम् निर्देशन दिएर शोधपत्र लेखनमा सहयोग गर्नुहुने आदरणीय गुरु शोध निर्देशक उप-प्राध्यापक श्री शान्तिराम दाहाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसरी नै यस विभागका बिभागीय प्रमुख श्रद्धेय गुरु टोलनाथ काफ्ले प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनका क्रममा आवश्यक जानकारी, तथ्याङ्कहरू र सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू तथा विद्यालयका अभिभावकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययन कार्यमा सहयोग गर्नुहुने श्री विमल नेपाल तथा शिव पराजुली प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । मलाई अध्ययन कार्यमा सदैव हौसला प्रदान गर्नुहुने मेरा परिवारजन र मेरो अध्ययन प्रति सदैब साथ दिँदै आवश्यक वातावरण मिलाइदिने जीवन संगिनी कमला ढकाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा मलाई सहयोग गर्नुहुने मेरा सम्पूर्ण मित्रहरूप्रति पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर टाइपमा सहयोग गर्नुहुने भेराईटी पुस्तक प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

नारायणप्रसाद ढकाल

शोधार्थी

२०७२ असार

## शोधसार

*त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नात्तोकर तह एम.एड. द्वितिय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आवश्यकता पूरा गर्न यो अध्ययन, अनुसन्धान गरिएको छ । यस अनुसन्धानको शीर्षक 'संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव' राखिएको छ । यो अध्ययन अनुसन्धानको उद्देश्य संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्नु, संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणका कारण पाठ्यक्रम कार्यान्वयनमा परेको प्रभावको विष्लेषण गर्नु रहेको छ । यस अध्ययन अनुसन्धान दस्तावेज अध्ययनमा आधारित रहेर गरिएको छ । दस्तावेज अध्ययनको रूपमा पाठ्यक्रम तालिम पुस्तिका, शिक्षक निर्देशिका र पाठ्यपुस्तकहरु रहेका छन् । साथै सुनसरी जिल्लाको ५ वटा संस्थागत विद्यालयका विषय शिक्षक, विषय विशेषज्ञ र स्रोत व्यक्तिहरुलाई पनि नमूना छनोटको रूपमा लिई तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन साधनका रूपमा दस्तावेज अध्ययन, अन्तर्वार्ता र लक्षित समुह छलफल प्रयोग गरिएको छ ।*

*विद्यालय निरीक्षक तथा स्रोतब्यक्तिलाई पर्याप्त मात्रामा स्रोत तथा सन्दर्भ सामग्रीहरु प्राप्त नहुनु, उनीहरुबाट सम्पादित कार्यको सही मूल्याङ्कन गरी पुरस्कार र दण्डको ब्यवस्था नहुनु, वि.नि.र स्रोतब्यक्तिलाई सहयोगी कर्मचारीहरुको ब्यवस्था नहुनु ,विद्यालय संख्याका आधारमा वि.नि., स्रोतब्यक्तिहरुको संख्या कम हुनु जस्ता कारणले संस्थागत विद्यालयको सुपरिवेक्षण कार्य औपचारिकतामा मात्र सिमित हुन पुगेको देखिन्छ । समय समयमा शिक्षकहरुको बैठक राखी शिक्षण सिकाइ क्रियाकलापमा देखा पर्ने समस्या समाधानका बारेमा छलफल गर्ने र नमुना शिक्षण गर्न लगाउने जस्ता कार्यहरु आवश्यक मात्रामा हुन नसकेको अवस्था छ । अध्ययनको क्रममा नमुना छनौटमा परेका सुनसरी जिल्लाका धरान उपमहानगरपालिकाका संस्थागत बिद्यालयमा बिद्यालयको सुपरिबेक्षण नियमित नभएको, सुपरिवेक्षण कागजमा मात्र सीमित भएको, सुपरिबेक्षण पछि पर्याप्त मात्रामा सुझावहरु दिने नगरिएको कारण सो को प्रभाव बिभिन्न बिषयको पाठ्यक्रम कार्यान्वयनमा परेको पाईएको छ ।*

*शैक्षिक सुपरिवेक्षणको क्रममा वि.नि.,स्रोतब्यक्तिहरुबाट शिक्षकको कक्षा शिक्षणको अवलोकन गरी देखिएका कमी कमजोरी हटाउन शिक्षकसँग छलफल गरी सुझवहरु दिनु पर्ने हुन्छ ।*

सुपरिवेक्षणको क्रममा वि.नि.,स्रोतब्यक्तिबाट कक्षा अवलोकन नगरिएको अवस्था छ । वि.नि., स्रोतब्यक्तिहरुको कार्यसम्पादन मूल्यांकन सही रुपमा भएको छैन जसको परिणाम स्वरुप नियमित रुपमा काम गर्ने सुपरिवेक्षकहरुमा समेत कार्य शिथिलता आएको छ । संस्थागत विद्यालयका शिक्षकहरुले वि.नि.,स्रोतब्यक्तिको सुपरिवेक्षणलाई आत्मसाथ गर्न नसकेको अवस्था छ भने वि.नि., स्रोतब्यक्तिहरुले पनि संस्थागत विद्यालयलाई सुपरिवेक्षणको मुलधारमा समाहित गर्न सकेका छैनन् ।

अध्ययनको सुझावका रुपमा विद्यालय निरीक्षक तथा स्रोतब्यक्तिहरुले नियमित रुपमा विद्यालयहरुको सुपरिवेक्षण गरे नगरेको सम्बन्धमा जिल्ला शिक्षा अधिकारीले अनुगमन, निरीक्षण गरी अनियमित गर्ने सुपरिवेक्षकहरुलाई कारवाही गर्नु पर्ने, स्थानीय स्तरमा वि.नि., स्रोतब्यक्ति, विद्यालयका प्रधानाध्यापक, वि.ब्य.स. पदाधिकारीहरु, शिक्षाप्रेमी र अभिभावकहरु सम्मिलित एउटा सुपरिवेक्षण टोली गठन गरी उक्त टोलीबाट सुपरिवेक्षणको योजना बनाउनु पर्ने र योजना बमोजिम आलोपालो गरी सुपरिवेक्षण गरिनु पर्ने तथा एउटा स्रोतकेन्द्र भित्रका अनुभवी मा.वि.शिक्षकहरुलाई कक्षा अवलोकन सम्बन्धी तालिम प्रदान गरी सामुहिक रुपमा सबै विषय शिक्षकहरुको कक्षा अवलोकन गर्ने ब्यवस्था गर्नु पर्ने सुझाव प्राप्त भयो । यसबाट वि.नि.स्रोतब्यक्तिहरुको कक्षा अवलोकनको आत्मसाथ गर्न नसक्ने शिक्षकहरुको समस्या समाधान भइ पाठ्यक्रम कार्यान्वयन सहज हुने देखिन्छ ।

# विषयसूची


| | |
|---|---|
| स्व-घोषणा | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता | iv |
| शोधसार | v-iv |
| विषयसूची | vii-ix |
| तालिका सूची | x |

**परिच्छेद एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ९ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ११ |
| १.६ अध्ययनको परिसीमा | ११ |
| १.७ शब्दहरूको परिभाषा | १२ |

**परिच्छेद दुई**

**सैद्धान्तिक साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | १३ |
| २.१.१ मानव सम्बन्ध सिद्धान्त | १३ |
| २.१.२ मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त | १४ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १५ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | २१ |
| २.४ अवधारणात्मक खाका | २१ |

## परिच्छेद तीन

## अध्ययन विधि र प्रक्रिया


३.१ अनुसन्धानात्मक ढाँचा २३

३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति २३

३.२.१ जनसङ्ख्या २४

३.२.२ नमुना २४

३.२.३ नमुना छनोट रणनीति २५

३.३ तथ्याङ्क सङ्कलनका साधनहरू २५

३.३.१ अन्तर्वार्ता २५

३.३.२ प्रश्नावली २५

३.३.३ अभिलेख अध्ययन २५

३.४ तथ्याङ्कका स्रोतहरू २६

३.४.१ प्राथमिक स्रोत २६

३.४.२ द्वितीय स्रोत २६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २७


## परिच्छेद चार

## नतिजाको छलफल


४.१ संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था

२

८

४.१.१ संस्थागत विद्यालयमा सुपरिवेक्षण गर्ने निकायहरू

२

८

४.१.२ संस्थागत विद्यालयमा स्रोतव्यक्तिद्वारा शैक्षिक सुपरिवेक्षण २९

४.१.३ संस्थागत विद्यालयमा विद्यालय निरीक्षकद्वारा शैक्षिक सुपरिवेक्षण ३१

४.१.४ संस्थागत विद्यालयमा प्रधानाध्यापकद्वारा सुपरिवेक्षण ३३

४.१.५ संस्थागत विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षाप्रेमीहरूबाट सुपरिवेक्षण ३५
४.२ संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव विश्लेषण ३८
४.३ संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा देखा परेका समस्याहरूको विश्लेषण ३८
४.३.१ संस्थागत विद्यालय सुपरिवेक्षणमा मुख्य समस्या ३९
४.३.२ शिक्षकहरूको धारणामा निरीक्षकहरूमा देखिएको अभावबाट सृजित समस्या ४१
४.३.३ संस्थागत विद्यालयको सुपरिवेक्षणमा प्रधानाध्यापक तथा शिक्षकहरूले देखाएका समस्याहरू ४३
४.३.४ संस्थागत विद्यालयको सुपरिवेक्षणमा विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले औँल्याएका समस्याहरू ४३
४.३.५ संस्थागत विद्यालयको सुपरिवेक्षणमा विद्यालय व्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरूले औँल्याएका समस्याहरू ४४
४.४ संस्थागत विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने उपायहरू ४५
४.४.१ समस्या समाधानको मुख्य उपाय ४५
४.४.२ संस्थागत विद्यालयको सुपरिवेक्षणमा सरोकारवालाले दिएका सुझावहरू ४७

## परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरू

५.१ निष्कर्ष ५०
५.२ सुझावहरू ५१
५.२.१ नीतिगत तह ५१
५.२.२ कार्यान्वयन तह ५३
५.२.३ अनुसन्धान तह ५४
सन्दर्भ सामग्री
अनुसूचीहरू

# तालिका सूची


| | तालिका शीर्षक | पेज |
|---|---|---|
| तालिका १ | स्रोतव्यक्तिबाट भएको निरीक्षण अवस्था | २९ |
| तालिका २ | विद्यालय निरीक्षकबाट भएको निरीक्षण अवस्था | ३१ |
| तालिका ३ | संस्थागत विद्यालयमा विद्यालय निरीक्षकद्वारा शैक्षिक सुपरिवेक्षण | ३२ |
| तालिका ४ | प्र.अ.द्वारा गरिएको विद्यालय सुपरिवेक्षण | ३४ |
| तालिका ५ | संस्थागत विद्यालयमा प्र.अ.द्वारा कक्षा अवलोकन | ३५ |
| तालिका ६ | विद्यालय व्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरूबाट सुपरिवेक्षण | ३६ |
| तालिका ७ | विद्यालय सुपरिवेक्षणमा मुख्य समस्या | ३९ |
| तालिका ८ | शिक्षकहरूको धारणामा निरीक्षकहरूमा देखिएको अभावबाट सृजित समस्या | ४२ |
| तालिका ९ | सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने उपायहरू | ४६ |